# जिल्लास्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र, रसुवा
## DISTRICT COVID-19 CRISIS MANAGEMENT CENTER, RASUWA(DCCMC)

बैठक संख्या:- ३१(आ.व. ०७७/७८),
बैठक मिति:- २०७८।०१।२६ गते,
स्थान:- जिल्ला प्रशासन कार्यालय, रसुवा।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

**जिल्ला समिति:**

| | | | |
|---|---|---|---|
| श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| श्री मीना अर्याल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| श्री नरेश के.सी. | प्रमुख सेनानी | श्री विष्णुदल गण | सदस्य |
| श्री देवेन्द्र पाण्डे | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री लभ कुमार सापकोटा | सशस्त्र प्रहरी नायव उपरीक्षक | स.प्र.बल नेपाल नं.२० गुल्म हे.क्वा. धुन्चे | सदस्य |
| श्री सविन श्रेष्ठ | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री बसन्त चालिसे | स्वास्थ्य शिक्षा अधिकृत | स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| डा.कौशिक सापकोटा | कार्यालय प्रमुख/नि.मे.सु. | रसुवा अस्पताल | सदस्य |
| श्री दुर्गा थापा के.सी. | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | सदस्य-सचिव |

**आमन्त्रित:**

| | | |
|---|---|---|
| श्री कैसाङ नुर्पु तामाङ | गाउँपालिका अध्यक्ष, | गोसाईकुण्ड गाउँपालिका, रसुवा |
| श्री बाबुलाल तामाङ | अध्यक्ष, | नागरिक समाज, रसुवा |
| श्री केशव पौडेल | अध्यक्ष, | नेपाल पत्रकार महासंघ, रसुवा |
| श्री सुप्साङ तमाङ | अध्यक्ष, | उद्योग वाणिज्य महासंघ, रसुवा |
| श्री संजिव अमात्य | अध्यक्ष, | रसुवा चेम्बर अफ कमर्श, रसुवा |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसवा

**निर्णयहरु:**

**१. सर्वसाधारणका लागि:**

- अत्यावश्यक काम (औषधि, खाद्यबस्तु तथा अत्यावश्यक बस्तु तथा सेवा खरिद) वाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।
- नेपाल सरकारद्वारा तोकिएको सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्ड (नियमित रुपमा साबुन पानीले हात धुने, अनिवार्य मास्क र स्यानिटाईजरको प्रयोग) को अनिवार्य पालना गर्ने।
- बजार, मेला, महोत्सव, पार्टी, भोज भतेर लगायत भिडभाड हुने कार्य नगर्ने/नगराउने।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने।

**२. सरकारी, अर्धसरकारी, सार्वजनिक कार्यालय, बैंक तथा वित्तीय संस्था सञ्चालन सम्बन्धमा:**

- अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्दा आवश्यक कागजपत्र(अस्पतालका कागज वा अत्यावश्यक कार्य प्रमाणित हुने कागजपत्र) देखाई प्रहरीसँग समन्वय गरी अनुमती प्राप्त भए पश्चात मात्र यात्रा गर्ने।
- सरकारी, अर्धसरकारी, सार्वजनिक कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा अनावश्यक भिडभाड हुन नदिने र अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय वाहेक अन्य कार्यालय आलोपालो प्रणाली अनुसार कर्मचारी खटाई काम शुरु राख्ने व्यवस्था मिलाउने। घरबाटै गर्न सकिने कामको हकमा Work From Home को व्यवस्था मिलाउने। साथै, अत्यावश्यक सेवाका कर्मचारीलाई कार्यालयको परिचयपत्रका आधारमा सवारी साधन चलाउन पाईने।

**३. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमा:**

- खाद्यबस्तु तथा पशुपंछीका दाना, खाना पकाउने ग्यास, तरकारी, फलफूल, दुग्ध डेरीजन्य, माछा मासु, पानी, निर्माण सामग्री लगायत अत्यावश्यक पसल व्यवसायहरु बिहान ६:०० बजेदेखि ९:०० बजेसम्म मात्र सञ्चालन गर्ने। अन्य पसलहरु पूर्ण रुपले बन्द गर्ने।
- औषधि एवं स्वास्थ्य सामग्रीका पसलहरु २४सैं घण्टा खुला रहने।

४. मिति २०७८।०१।२७ गते राती १२:०० बजेदेखि २०७८।०२।०३ गते राती १२:०० बजेसम्म निषेधाज्ञाका लागि जिल्ला प्रशासन कार्यालय, रसुवालाई सिफारिस गर्ने निर्णय गरियो।